


# तपाईंको ओरेगन eWIC कार्ड प्रयोग गर्नुहोस्

तपाईंका ब्यालेन्स, खरिद इतिहास र अन्य जानकारीमा सरल पहुँचका लागि, निम्नमा जानुहोस्:

**www.ebtedge.com**

वा, ग्राहक सेवा टोल-फ्रीलाई निम्नमा हप्ताको 7 दिन 24 घण्टा सम्पर्क गर्नुहोस्:

**1-844-234-4946**

## सुरुवात गर्दै: तपाईंको कार्डको लागि पिन चयन गर्नुहोस्।

तपाईंले आफ्नो ओरिगन eWIC कार्ड प्रयोग गर्नुअघि, तपाईंले 4-अंकको व्यक्तिगत पहिचान नम्बर (PIN) चयन गर्नुपर्छ।

### अनलाइन जानुहोस् वा कल गर्नुहोस्

- ग्राहक सेवालाई 1-844-234-4946 मा फोन गर्नुहोस्

  **वा**

- 16-अंकको कार्ड नम्बर प्रविष्ट गरेर **www.ebtedge.com**मा लग इन गर्नुहोस्






### PIN चयन गर्नुहोस्

- तपाईंले आफ्नो कार्डको लागि 4-अंकको व्यक्तिगत पहिचान नम्बर (PIN) चयन गर्नुपर्छ।
- तपाईंलाई स्मरण गर्नका लागि सजिलो हुने तर अन्यलाई अनुमान लगाउन गाह्रो हुने 4- अंकको नम्बर छनोट गर्नुहोस्।




### तपाईंको PIN सुरक्षित राख्नुहोस्

- तपाईंको PIN कसैलाई पनि नभन्नुहोस्।
- तपाईंले आफ्नो कार्डमा वा तपाईंले कार्डसँग राख्ने कुनै पनि कुरामाआफ्नो PIN नलेख्नुहोस्।



## तपाईंको कार्ड प्रयोग गर्न

तपाईले ओरेगनका कुनै पनि खाद्यान्न पसल जहाँ WIC स्वीकार गरिन्छ, त्यहाँ किनमेल गर्न सक्नुहुन्छ

### WIC खानाहरूको पसल

- तपाईं स्टोरमा जाँदा आफ्नो WIC खाद्यान्न लाभ ब्यालेन्स थाहा पाउनुहोस्।
- कुन खानाहरूलाई अनुमति दिएको छ भनी जाँच्न WIC खाद्यान्न सूचीप्रयोग गर्नुहोस्।



### तपाईंको खरिद पूरा गर्नुहोस्

- सधैं पहिले WIC प्रयोग गर्नुहोस्।
- तपाईंले आफ्नो eWIC कार्ड प्रयोग गर्दै हुनुहुन्छ भनी जाँचकर्तालाई थाहा दिनुहोस्।
- अनुरोध गरिँदा तपाईंको 4-अंकको PIN प्रविष्ट गर्नुहोस्।
- तपाईंको रसिद राख्नुहोस्; यसले तपाईंको लाभ ब्यालेन्स देखाउँछ।




### WIC कार्यक्रमका नियमहरू पालना गर्नुहोस्

- तपाईंले आफ्नो कार्ड वा लाभहरूको दुरुपयोग गर्नुहुन्छ भने तपाईंलाई WIC कार्यक्रम देखि अयोग्य ठहराइन सक्छ।
- तपाईंको eWIC कार्ड, WIC खादयन्न वा WIC फर्मुला बिक्री नगर्नुहोस्।
- WIC खादयन्न वा फर्मुला नगद वा क्रेडिटमा फिर्ता नगर्नुहोस्।

WIC OREGON

# तपाईंका लाभहरू बुझ्नुहोस्

तपाईंले आफ्ना लाभहरू प्राप्त गर्दा र तपाईंको कार्डमाकति छ भनेर जान्न महत्त्वपूर्ण हुन्छ।

## लाभ उपलब्धता

- तपाईंको लाभहरू महिनाको पहिलो दिन बिहान 12:01बजे प्यासिफिक समयमा उपलब्ध हुन्छ।
- खर्च नभएका लाभहरू अर्को महिनामा सारिनेछैन।




## आफ्नो ब्यालेन्स हेर्नुहोस्

- तपाईंको ब्यालेन्स जाँच्न, तपाईंको पछिल्लो रसिद जाँच गर्नुहोस्, **वा**
- **www.ebtedge.com** मा लग इन गर्नुहोस् **वा**
- eWIC ग्राहक सेवालाई 1-844-234-4946, मा फोन गर्नुहोस्**वा**
- स्टोर रजिस्टरमा जाँच गर्नुहोस्



## मद्दत कहाँ प्राप्त गर्ने

- तपाईंको WIC खाद्यन्न लाभहरूका **प्रश्नहरू भएमा,**कृपया तपाईंको WIC क्लिनिकमा सम्पर्क गर्नुहोस्।
- तपाईंको ओरिगन eWIC कार्डको**प्रश्नहरूको लागि** कृपया**www.ebtedge.com** मा लगइन गर्नुहोस्वा eWIC ग्राहक सेवालाई 1-844-234-4946 मा फोन गर्नुहोस्।



# तपाईंको कार्ड र पिन सुरक्षित राख्नुहोस्

यदि तपाईंको कार्ड कसैले प्राप्त गर्छ र पिन थाहा पाउँछ भने, उनीहरूले तपाईंका सम्पूर्ण लाभहरू प्रयोग गर्न सक्छन्– **र ती लाभहरू प्रतिस्थापित हुनेछैनन्।**

## कार्ड स्याहार

- तपाईंको कार्ड आफ्नो वालेट वा पर्स जस्ता सुरक्षित स्थानमा राख्नुहोस्।
- तपाईंको कार्ड फोहोर नगर्नुहोस्।
- तपाईंको कार्ड चुम्बकहरू र इलेक्ट्रोनिक्स देखि टाढा राख्नुहोस्।
- तपाईंको कार्ड प्रत्यक्ष घामको प्रकाशमा नछोड्नुहोस्।




## PIN सुरक्षा

- तपाईंको PIN साझा नगर्नुहोस्।
- तपाईंलाई किनमेल गर्न कोही अरू चाहिएको छ भने, तपाईंले विश्वास गर्ने दोस्रो कार्डवाहकको लागि अर्को कार्ड प्राप्त गराउन तपाईंको WIC क्लिनिकमा सोध्नुहोस्।




## PIN/कार्ड प्रतिस्थापन

- यदि तपाईंले आफ्नो PIN बिर्सनुहुन्छ भने, eWIC ग्राहक सेवा 1-844-234-4946 मा कल गर्नुहोस् वा परिवर्तन गर्न**www.ebtedge.com** लगइन गर्नुहोस्।
- तपाईंको कार्ड हरायो, चोरी भयो वा खराब भयो भने, eWIC ग्राहक सेवा 1-844-234-4946मा कल गर्नुहोस्।






### यदि मैले मेरो PIN बिर्सिए वा गलत प्रविष्ट गरेभनी के हुन्छ?

तपाईंले आफ्नो PIN चार पटक गलत प्रविष्ट गर्नुहुन्छ भने, तपाईंको कार्ड मध्यरातसम्म लक हुनेछ। तपाईं चौंथो प्रयासमा पुग्न भन्दा अघि eWIC ग्राहक सेवामा कल गरेर वा **www.ebtedge.com** मा लगइन गरेर तपाईंले आफ्नो PIN परिवर्तन गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो पिन रिसेट गर्नुहुन्न भने तपाईंको कार्ड मध्यरात स्वचालित रूपमा अनलक हुन्छ, यद्यपि तपाईंलाई अझैपनि आफ्नो पिन प्रयोग गर्न थाहा पाउन आवश्यक हुन्छ।

### मैले मेरा WIC खाद्य फाइदाहरू कसरी परिवर्तन गर्न सक्छु?

तपाईंको WIC क्लिनिकसँग आफ्नो WIC खाद्य लाभहरू परिवर्तन बारे कुरा गर्नुहोस्।

### म स्टोरमा जाँदा मैले मेरो कार्ड बिर्सिंए भने के हुन्छ?

तपाईंको WIC लाभहरू प्रयोग गर्न तपाईंसँग आफ्नो ओरिगन eWIC कार्ड हुनुपर्छ।

### यदि म सरे वा आफ्नो ठेगाना बदलें भने के गर्ने?

तपाईंले आफ्नो ठेगाना परिवर्तन वा सर्नु हुन्छ भने तपाईंले आफ्नो WIC क्लिनिकमा सम्पर्क गर्नुपर्छ।

57-1008 NEPALI 11/2022